बिष्णुपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

मिति :२०७९।०४।०२

पत्र संख्या : २०७९/०८०

चलानी नं. :

**विषय :- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा सूचीकरण गर्ने अत्यन्तै जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालू आ.व.०७९।८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको ढाँचामा सम्वन्धित वडा कार्यालयमा नवीकरणको लागी निवेदन दिनुपर्ने व्यवस्था भए वमोजिम लाभग्राहीहरु स्वयं वडामा उपस्थित भई भदौ मसान्तभित्र अनिवार्य सामाजिक सुरक्षा भत्ताको नवीकरण गरिसक्नु यो सूचना जारी गरिएको छ । वालवलिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा नीजको आमा, बावु, संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न वडाले संकलन गर्नुपर्ने आवश्यक कागजातहरु :-**

१ नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२ अनिवार्य एकप्रति हालसालै खिचेको अटो साइजको फोटो ।

३ वालवालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रतिलिपि ।

४ विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस ।

५ सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमा सम्वन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस प्रमाण ।

६ न्यायिक पृथकीकरण गरि वसेको महिलाको हकमा अदालतवाट न्यायिक पृथकीकरणको प्रमाण,

७ हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

८ अपाङ्ग भएको व्यक्तिको हकमा नगरपालिकावाट जारी भएको अपाङ्गता परिच्चयपत्रको प्रतिलिपि

**याद राख्नुहोस :-**

- नवीकरण गर्न आउदा सामाजिक सुरक्षा भत्ता परिच्चयपत्र अनिवार्य रुपमा वडा कार्यालयमा लिएर आउनुपर्नेछ,
- समयमै नवीकरणका लागी निवेदन पेश नगर्ने लाभग्राहीको लगत कट्टा हुनेछ । त्यस्ता लाभग्राहिले भत्ता रकम पाउनेछैनन् ।

सुरेन्द्र कुमार यादव

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत